# स्थानीय राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्डः १०, संख्याः ३, मितिः २०८३/०६/१४

## भाग–२

## शिवनगर नगर अस्पताल सञ्चालन कार्यविधि, २०८३

# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

# शिवनगर नगर अस्पताल सञ्चालन कार्यविधि, २०८३

पारित मितिः २०८३/०६/०२
प्रमाणीकरण मितिः २०८३/०६/१४

**प्रस्तावना**

नेपालको संविधानले मौलिक हकका रूपमा प्रत्याभूत गरेको आधारभूत स्वास्थ्य सेवामा भरतपुर महानगरपालिका भित्र बसोबास गर्ने नागरिकको पहुँच अभिवृद्धि गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन २०७४, जनस्वास्थ्य सेवा ऐन २०७५ तथा जनस्वास्थ्य सेवा नियमावली २०७७ बमोजिम स्थानीय तहले १५ शय्या सम्मका आधारभूत/नगर अस्पताल स्थापना तथा सञ्चालन गर्न सक्ने अधिकारलाई कार्यान्वयन गर्न, शिवनगर अस्पताल स्थापना तथा सञ्चालन गर्न वाञ्छनीय भएकाले, भरतपुर महानगरपालिका जनस्वास्थ्य ऐन, २०७७ को दफा ३९ को अधिकार प्रयोग गरी नगर कार्यपालिकाबाट यो कार्यविधि जारी गरीएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम "शिवनगर नगर अस्पताल सञ्चालन कार्यविधि, २०८३" हुनेछ।

(२) यो कार्यविधि भरतपुर महानगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "महानगरपालिका" भन्नाले भरतपुर महानगरपालिका सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले भरतपुर महानगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ।

(ग) "अस्पताल" भन्नाले भरतपुर महानगरपालिका वडा नं. १४ मा रहेको शिवनगर प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गरी स्थापना हुने "शिवनगर अस्पताल" सम्झनु पर्छ।

(घ) "व्यवस्थापन समिति" भन्नाले दफा ६ बमोजिम गठन हुने अस्पताल

सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ङ) "मेडिकल सुपरिटेन्डेन्ट" भन्नाले अस्पतालको समग्र चिकित्सकीय तथा प्रशासनिक नेतृत्व गर्न तोकिएको वा नियुक्त गरिएको जिम्मेवार व्यक्ति सम्झनु पर्छ ।

(च) "विज्ञ" भन्नाले स्वास्थ्य विषयमा आवश्यक शैक्षिक योग्यता, व्यावसायिक दक्षता तथा अनुभव प्राप्त गरी अस्पतालको सम्बन्धित कार्यमा प्राविधिक वा विशेषज्ञ राय दिन नियुक्त वा मनोनित व्यक्ति सम्झनुपर्छ ।

(छ) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले नेपाल सरकार वा प्रदेश सरकारले तोकेको न्यूनतम सेवा मापदण्ड बमोजिमको स्वास्थ्य सेवा सम्झनु पर्छ ।

(ज) "जनस्वास्थ्य शाखा" भन्नाले भरतपुर महानगरपालिकाको स्वास्थ्य सम्बन्धी कार्य हेर्ने शाखा वा विभाग सम्झनु पर्छ ।

(झ) "कर्मचारी" भन्नाले अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी, नर्सिङ, प्रशासकीय तथा सहयोगी लगायत सबै किसिमका जनशक्ति सम्झनु पर्छ ।

(ञ) "सेवाग्राही" भन्नाले अस्पतालबाट स्वास्थ्य सेवा प्राप्त गर्ने वा गर्न आउने व्यक्ति सम्झनु पर्छ ।

## परिच्छेद-२
## नगर अस्पताल स्थापना तथा सञ्चालन प्रक्रिया

### ३. अस्पतालको स्थापना

(१) भरतपुर महानगरपालिका वडा नं. १४ मा रहेको शिवनगर प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गरी "शिवनगर अस्पताल" स्थापना तथा सञ्चालन गरिनेछ ।

(२) अस्पतालको स्वामित्व, सञ्चालन र समग्र व्यवस्थापन महानगरपालिकामा निहित रहनेछ ।

(३) अस्पताल स्थापनाका लागि आवश्यक भौतिक पूर्वाधार, जनशक्ति व्यवस्थापन, औषधी उपकरणको उपलव्धता, बजेट तथा अन्य स्रोतको

व्यवस्थापन महानगरपालिकाको नीति, कार्यक्रम तथा बजेट बमोजिम हुनेछ।

## ४. उद्देश्य

(१) महानगरपालिका भित्र बसोबास गर्ने नागरिकलाई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने,

(२) आकस्मिक तथा सामान्य उपचार सेवा विस्तार गरी उच्च तहका अस्पतालमा पर्ने चाप कम गर्ने,

(३) विपन्न, असहाय, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायको स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्ने,

(४) स्वास्थ्य सेवालाई जनउत्तरदायी, सेवाग्राहीमैत्री, गुणस्तरीय र प्रभावकारी बनाउने।

## ५. सञ्चालन प्रक्रिया

(१) महानगरपालिकाले अस्पताल सञ्चालनका लागि आवश्यक भौतिक पूर्वाधार, जनशक्ति, उपकरण तथा औषधिको व्यवस्थापन तथा सहजिकरण गर्नेछ।

(२) संघीय तथा प्रदेश स्वास्थ्य मन्त्रालयले तोकेको मापदण्ड, निर्देशिका तथा गुणस्तर मापदण्ड बमोजिम सेवा सञ्चालन गरिनेछ।

(३) अस्पतालको दैनिक सञ्चालन व्यवस्थापन समितिको मार्गदर्शन र मेडिकल सुपरिटेन्डेन्टको प्रत्यक्ष रेखदेखमा हुनेछ।

(४) अस्पतालबाट प्रदान गरिने सेवा तथा सेवा शुल्क व्यवस्थापन समितिको निर्णय बमोजिम हुनेछ।

(५) अस्पतालले आवश्यकता र स्रोत साधनको उपलब्धताका आधारमा व्यवस्थापन समितिको निर्णय बमोजिम विशेषज्ञ सेवा क्रमशः विस्तार गर्न सक्नेछ।

(६) आवश्यकता अनुसार सामुदायिक संस्था, गैरसरकारी संस्था, निजी क्षेत्र वा दातृ निकायसँग सहकार्य गरी सेवा विस्तार गर्न सकिनेछ।

## परिच्छेद-३

## अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति

### ६. समिति गठन

(१) अस्पताल सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको "अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति" गठन हुनेछः

(क) महानगरपालिका प्रमुख - अध्यक्ष

(ख) महानगरपालिका उपप्रमुख - उपाध्यक्ष

(ग) महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सम्बन्धित वडाका वडाअध्यक्ष - सदस्य

(ङ) अध्यक्षबाट मनोनित स्वास्थ्य क्षेत्रका विज्ञ/प्रतिनिधि १ जना- सदस्य

(च) महानगरपालिकाको जनस्वास्थ्य शाखा प्रमुख - सदस्य

(छ) कार्यपालिकाबाट मनोनित कम्तिमा १ महिला सदस्य सहित कार्यपालिका सदस्य २ जना - सदस्य

(ज) मेडिकल सुपरिटेन्डेन्ट - सदस्य सचिव

(२) व्यवस्थापन समितिको पूर्ण कार्यकाल ५ वर्षको हुनेछ। कुनै कारणबाट पदाधिकारी आफ्नो बहाल नरहेमा समितिको सदस्यबाट स्वतः हट्नेछ।

(३) व्यवस्थापन समितिको संरचना, मनोनित सदस्य, सदस्य संख्या तथा मनोनयन प्रक्रिया आवश्यकता अनुसार कार्यपालिकाले हेरफेर गर्न सक्नेछ।

### ७. समितिको काम, कर्तव्य र अधिकार

व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) अस्पतालको वार्षिक कार्ययोजना, बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(ख) अस्पतालको सेवा गुणस्तर अभिवृद्धि तथा नियमित अनुगमन गर्ने,

(ग) जनशक्ति, औषधि, उपकरण तथा भौतिक पूर्वाधार व्यवस्थापन सम्बन्धमा निर्णय वा सिफारिस गर्ने,

(घ) अस्पतालको सेवा शुल्क तथा सेवा व्यवस्थापन सम्बन्धी निर्णय गर्ने,

(ङ) गरिब, विपन्न, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायतलाई सहुलियतको व्यवस्था मिलाउने,

(च) सार्वजनिक-निजी वा सामुदायिक सहकार्य प्रवर्द्धन गर्ने,

(छ) वार्षिक प्रगति प्रतिवेदन तयार गरी कार्यपालिका समक्ष पेश गर्ने,

(ज) आवश्यकता अनुसार उप-समिति वा कार्यदल गठन गर्ने,

(झ) अस्पतालसँग सम्बन्धित उजुरी तथा विवाद व्यवस्थापन गर्ने,

(ञ) अस्पतालका भौतिक सम्पत्ति तथा स्रोतको संरक्षण गर्ने,

(ट) अस्पतालको सेवा सुदृढिकरण लगायत व्यवस्थापनको लागि आवश्यक समन्वय गर्ने।

**८. बैठक सम्बन्धी व्यवस्था**

व्यवस्थापन समितिको बैठक कम्तीमा प्रत्येक दुई महिनामा एक पटक बस्नेछ। आवश्यकता अनुसार अध्यक्षले जुनसुकै बेला बैठक बोलाउन सक्नेछ।

## परिच्छेद-४
## मेडिकल सुपरिटेन्डेन्ट

**९. नियुक्ति तथा जिम्मेवारी**

(१) महानगरपालिकाले उपयुक्त योग्यता र अनुभव भएको चिकित्सक वा स्वास्थ्यकर्मीलाई मेडिकल सुपरिटेन्डेन्टको जिम्मेवारी तोक्न वा नियुक्ति गर्न सक्नेछ।

(२) मेडिकल सुपरिटेन्डेन्ट आफ्नो कार्य सम्पादनका सम्बन्धमा अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति र महानगरपालिका प्रति उत्तरदायी रहनेछ।

**१०. काम, कर्तव्य र अधिकार**

मेडिकल सुपरिटेन्डेन्टको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) अस्पतालको चिकित्सकीय, प्रशासनिक तथा व्यवस्थापकीय कार्यको नेतृत्व, समन्वय तथा अनुगमन गर्ने र अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीको परिचालन, समन्वय तथा कार्यसम्पादनको अनुगमन गर्ने,

(ख) अस्पतालबाट प्रदान हुने स्वास्थ्य सेवाको गुणस्तर, नियमितता, प्रभावकारिता तथा सेवाग्राही मैत्री सेवा सुनिश्चित गर्ने,

(ग) स्वीकृत वार्षिक कार्ययोजना, कार्यक्रम तथा बजेट कार्यान्वयन गर्ने र आवश्यक योजना तथा प्रस्ताव व्यवस्थापन समितिसमक्ष पेश गर्ने,

(घ) औषधि, उपकरण, जनशक्ति, भौतिक पूर्वाधार तथा अन्य स्रोत–साधनको उचित व्यवस्थापन गर्ने,

(ङ) अस्पतालका स्वीकृत स्वास्थ्य सेवाहरू नियमित तथा प्रभावकारी रूपमा सञ्चालन गर्ने र आवश्यकताअनुसार बिरामीलाई विशेषज्ञ वा उच्च स्वास्थ्य संस्थामा प्रेषण गर्ने,

(च) अस्पतालको आय-व्यय, जिन्सी, सेवा तथा अन्य अभिलेख व्यवस्थित राख्ने र स्वास्थ्यजन्य फोहोरमैला, संक्रमण नियन्त्रण तथा सरसफाइको उचित व्यवस्था गर्ने,

(छ) सेवाग्राहीका गुनासो तथा सुझावको व्यवस्थापन गरी सेवा सुधारका लागि आवश्यक कार्य गर्ने,

(ज) अस्पताल व्यवस्थापन समितिको निर्णय तथा महानगरपालिकाको निर्देशन कार्यान्वयन गर्ने र अस्पतालको प्रगति तथा समस्याबारे समितिलाई जानकारी गराउने,

(झ) मासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्ने,

(ञ) प्रचलित कानून, कार्यविधि, अस्पताल सञ्तालन तथा व्यवस्थापन समितिको निर्णय बमोजिम तोकिएका अन्य कार्य गर्ने ।

## परिच्छेद-५
## संगठन संरचना र जनशक्ति व्यवस्थापन

### ११. सङ्गठन संरचना तथा दरबन्दी तेरिज

(१) अस्पताल सञ्चालनका लागि सङ्गठन संरचना तथा दरबन्दी तेरिज महानगरपालिकाले स्वीकृत गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सङ्गठन संरचना र दरबन्दी स्वीकृत नहुँदासम्म नेपाल सरकार, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयद्वारा जारी १५ शय्या अस्पतालको प्रस्तावित सङ्गठन संरचना तथा दरबन्दी तेरिज बमोजिम हुनेछ।

**१२. जनशक्ति व्यवस्थापन**

(१) अस्पताल सञ्चालनका लागि दफा ११ बमोजिम आवश्यक पर्ने चिकित्सक, नर्सिङ, प्यारामेडिकल, प्रशासकीय तथा सहयोगी जनशक्तिको व्यवस्थापन महानगरपालिकाले गर्नेछ।

(२) आवश्यक जनशक्ति स्थायी दरबन्दी प्रक्रिया, करार, छात्रवृत्ति करार वा अन्य स्वीकृत प्रक्रियाबाट व्यवस्थापन गर्न सकिनेछ।

(३) जनशक्ति व्यवस्थापनका लागि हाल सञ्चालन भएका स्वास्थ्य सेवाहरुमा बाधा नपुग्ने गरी महानगरपालिकाले साविकका स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र वा अन्य स्वास्थ्य संस्थाका जनशक्तिको समेत परिचालन गर्न सक्नेछ।

(४) अस्पतालको सेवा सुदृढिकरण तथा जनशक्ति व्यवस्थापनका लागि बजेट व्यवस्थापन एवं छात्रवृत्ति करारका कर्मचारी खटनपटनको लागि संघीय सरकार तथा प्रदेश सरकारसँग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ।

(५) कर्मचारीको काज, सरुवा, वृत्ति विकास तथा तालिम सम्बन्धी व्यवस्था प्रचलित कानून तथा कर्मचारी प्रशासन सम्बन्धी नियमावली बमोजिम हुनेछ।

**१३. कर्मचारीको आचरण र जिम्मेवारी**

अस्पतालमा कार्यरत सबै कर्मचारीले प्रचलित कानून, पेशागत आचार संहिता, सेवाग्राहीको गोपनीयता तथा अस्पतालको आन्तरिक नियम पालना गर्नुपर्नेछ।

## परिच्छेद-६

## सेवा सञ्चालन तथा व्यवस्थापन

### १४. अस्पतालबाट प्रदान गरिने सेवा

(१) अस्पतालले प्रचलित कानून तथा मापदण्ड अनुसार तोकिए बमोजिमका आधारभूत स्वास्थ्य सेवा साथै उपलब्ध स्रोत र स्वीकृत सेवाअनुसार आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नेछ।

(२) अस्पतालले बहिरङ्ग सेवा, फार्मेसी सेवा, प्रयोगशाला सेवा, डायग्नोष्टिक सेवा, २४ सै घण्टा सामान्य आकस्मिक सेवा तथा स्थानीय अवस्था र आवश्यकता अनुसार अन्तरङ्ग सेवा तथा अन्य सेवाहरुको व्यवस्थापन गर्नेछ।

(३) उपदफा (१) र (२) का अतिरिक्त अस्पताललाई स्वास्थ्य प्रवर्द्धनात्मक अस्पतालको रुपमा विकास गरी अभियान सञ्चालन गर्नुपर्नेछ।

(४) अस्पतालको सेवा विस्तार प्रचलित मापदण्ड तथा महानगरपालिकाको निर्णयबमोजिम हुनेछ।

### १५. बिरामी दर्ता तथा सेवा प्रवाह प्रक्रिया

(१) बिरामीको दर्ता, जाँच, उपचार, औषधि वितरण तथा डिस्चार्ज सम्बन्धी कार्यसञ्चालन प्रक्रिया मेडिकल सुपरिटेन्डेन्टको संयोजनमा तयार गरी लागू गरिनेछ।

(२) बिरामी तथा स्वास्थ्य सेवा सम्बन्धी अभिलेख विद्युतीय वा म्यानुअल प्रणालीमार्फत व्यवस्थित रूपमा सुरक्षित राखिनेछ।

### १६. प्रेषण सेवा

अस्पतालको क्षमता भन्दा बाहिरको जटिल उपचार आवश्यक परेमा नजिकको उच्च तहको सरकारी वा मान्यता प्राप्त अस्पतालमा प्रेषण गर्ने व्यवस्था मिलाइनेछ र सोको अभिलेख राखिनेछ।

## परिच्छेद-७
## आर्थिक व्यवस्थापन तथा लेखापरीक्षण

**१७. अस्पतालको खाता सञ्चालन तथा लेखा**

(१) अस्पतालको आर्थिक कारोबार प्रचलित कानून तथा महानगरपालिकाको आर्थिक प्रशासन सम्बन्धी व्यवस्था बमोजिम हुनेछ।

(२) अस्पतालको आय-व्यय व्यवस्थापनका लागि व्यवस्थापन समितिको छुट्टै खाता हुनेछ र सो को परिचालन तथा व्यवस्थापन समितिको निर्णय बमोजिम हुनेछ।

**१८. आर्थिक स्रोत:** अस्पतालले महानगरपालिका, प्रदेश तथा संघीय सरकारबाट प्राप्त अनुदान, सेवा शुल्क, दातृ निकायबाट कानूनबमोजिम प्राप्त सहयोग तथा अन्य स्वीकृत स्रोतबाट आय प्राप्त गर्न सक्नेछ।

**१९. लेखापरीक्षण**

(१) आन्तरिक लेखापरीक्षण नियमित रूपमा र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालय वा महानगरपालिकाले तोके बमोजिम हुनेछ।

(२) लेखापरीक्षण प्रतिवेदन कार्यपालिका समक्ष पेश गरी प्राप्त भएका सुझाव कार्यान्वयन गरिनेछ।

## परिच्छेद-८
## अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

**२०. अनुगमन तथा मूल्याङ्कन:** महानगरपालिकाले अस्पतालको सेवा प्रवाह, जनशक्ति, औषधि, उपकरण, वित्तीय व्यवस्थापन तथा सेवा गुणस्तरको नियमित अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

**२१. अभिलेख तथा प्रतिवेदन:** अस्पतालले सेवा, जनशक्ति, वित्तीय कारोबार, औषधि तथा उपकरणलगायतका आवश्यक अभिलेख व्यवस्थित रूपमा राखी निर्धारित अवधिमा सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्नुपर्नेछ।

२२. **गुणस्तर व्यवस्थापन:** अस्पतालले राष्ट्रिय तथा प्रादेशिक स्वास्थ्य सेवा गुणस्तर मापदण्ड बमोजिम सेवा गुणस्तर सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउनेछ।

२३. **उजुरी सुनुवाइ तथा पृष्ठपोषण:** बिरामी वा सेवाग्राहीको गुनासो सुन्ने, अभिलेख राख्ने र समयमै सम्बोधन गर्नका लागि अस्पतालमा उजुरी पेटिका वा हेल्पडेस्कको व्यवस्था गरिनेछ।

## परिच्छेद-९
## विविध

२४. **समन्वय:** अस्पतालले सेवा सुदृढिकरणका लागि संघीय सरकारका निकायहरु, प्रदेश सरकारका निकायहरु, अन्य स्वास्थ्य संस्था तथा सरोकारवालाहरुसँग आवश्यक समन्वय गर्न सक्नेछ।

२५. **निर्देशन दिन सक्ने:** महानगरपालिकाले अस्पताल सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आवश्यक लिखित निर्देशन दिन सक्नेछ र अस्पतालले त्यस्तो निर्देशनको पालना गर्नु पर्नेछ।

२६. **कार्यविधि संशोधन:** अस्पताल सञ्चालनका क्रममा आवश्यक देखिएमा महानगरपालिकाले प्रचलित कानून तथा आवश्यक प्रक्रिया पूरा गरी यस कार्यविधिमा संशोधन गर्न सक्नेछ।

२७. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख नभएका विषयमा प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानून बमोजिम हुनेछ।

२८. **बाधा अड्काउ फुकाउने:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा वा द्विविधा उत्पन्न भएमा महानगरपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

२९. **बचाउ:** यो कार्यविधि जारी हुनु अघि शिवनगर प्राथमिक स्वास्थ्य केन्द्र सञ्चालन सम्बन्धमा भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

# अनुसूची-१
## (दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

**शिवनगर अस्पतालको प्रस्तावित दरवन्दी तेरिज**

| क्र.सं. | पद | तह | सेवा | समुह | प्रस्तावित दरवन्दी |
|---|---|---|---|---|---|
| १ | मेडिकल सुपरिटेण्डेण्ट | ९।१० | स्वास्थ्य | मेडिकल जनरलिष्ट | १ |
| २ | मेडिकल अधिकृत | ८ | स्वास्थ्य | ज.हे.स | २ |
| ३ | स्टाफ नर्स | ५/६/७ | स्वास्थ्य | जनरल नर्सिङ्ग | ६ |
| ४ | हेल्थ असिष्टेण्ट | ५/६/७ | स्वास्थ्य | हेल्थ इन्सपेक्सन | ४ |
| ५ | ल्याब टेक्निसियन | ५/६/७ | स्वास्थ्य | मे.ल्या.टे | १ |
| ६ | रेडियोग्राफर | ५/६/७ | स्वास्थ्य | रेडियोग्राफी | १ |
| ७ | फार्मेसी सहायक | ५/६/७ | स्वास्थ्य | फार्मेसी | १ |
| ८ | एनेस्थेटिक सहायक | ५/६/७ | स्वास्थ्य | विविध | १ |
| ९ | अप्थाल्मिक सहायक | ५/६/७ | स्वास्थ्य | विविध | १ |
| १० | डेण्टल हाइजनिष्ट | ४/५/६ | स्वास्थ्य | डेण्टिष्ट्रि | १ |
| ११ | नायव सुब्बा | राप अनं प्रथम | प्रशासन | सामान्य प्रशासन | १ |
| १२ | कार्यालय सहयोगी | श्रेणी विहीन | प्रशासन | सामान्य प्रशासन | ६ |
| १३ | सरसफाईकर्मी | श्रेणी विहीन | प्रशासन | सामान्य प्रशासन | ३ |
| | **जम्मा** | | | | २९ |

आज्ञाले,

**वीरेन्द्रदेव भारती**

प्रमुख प्रशासकीय अधिकृत